पन्ध्रौं वार्षिक साधारणसभा मिति २०७८/०९/१०

आज मिति २०७८ साल पौष १० गते शनिवार दिनको ११ बजे देखि यस नेरुडे लघुवित्त वित्तीय संस्था लिमिटेडका शेयरधनीहरुको पन्ध्रौं वार्षिक साधारणसभा संचालक समितिका अध्यक्ष डा. भेषप्रसाद धमलाज्यूको अध्यक्षतामा यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय रहेको जिल्ला मोरङ्गको विराटनगर महानगरपालिका वडा नं.-२ स्थित उद्योग संगठन मोरङ्गमा बस्यो । सभामा उपस्थिति, प्रस्तुत प्रस्तावहरु र निर्णयहरु तल लेखिए अनुसार छन् ।

१. उपस्थितिः-

(क) संचालक समिति :

१	श्री डा. भेषप्रसाद धमला	अध्यक्ष
२	श्री मणिकुमार अर्ज्याल	सदस्य
३	श्री सुरेन्द्रराज भट्टराई	सदस्य
४	श्री सुधिरकुमार श्रेष्ठ	सदस्य
५.	श्री पंच लाल शाह	सदस्य
६	श्री वेदराज आचार्य	सदस्य
७.	श्री सुलक्षणा तिमिलसिना	सदस्य

(ख) संस्थापक तथा सर्वसाधारण शेयरधनीहरुको उपस्थिति : उपस्थितिको विवरण बेग्लै फायल छ । (अनुसूची २)

(ग) प्रमुख कार्यकारी अधिकृत : श्री भोजराज बस्याल,

(ग) कम्पनी सचिव : श्री ऋषि प्रसाद न्यौपाने,

२. <u>प्रस्तावहरु</u> :-

<u>(क) साधारण प्रस्तावहरु</u> :-

(१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूबाट आ.व. २०७७/७८ को वार्षिक प्रतिवेदन प्रस्तुत, छलफल तथा पारीत गर्ने ।

(२) आ.व.२०७७/७८ को लेखापरीक्षण प्रतिवेदन तथा आ.व.२०७७/७८ को नाफानोक्सान हिसाब, नगदप्रवाह विवरण एवम् २०७८ आषाढ मसान्तको वासलात समेतको वित्तीय विवरण स्वीकृत गर्ने ।

(३) आ.ब. २०७८/७९ को लागि लेखापरिक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने । (वर्तमान लेखापरीक्षक श्री मुरलीधर तिवारी (M Tiwari and Associates, Chartered Accountants) पूनः नियुक्तीको लागी ग्राह्य हुनु हुन्छ) ।

(४)संचालक समितिबाट सिफारिस भए बमोजिम प्रस्तावित बोनश शेयरको कर प्रयोजनको लागि मात्र रु. ५५,८५,३९०।८४ (पचपन्न लाख पचासी हजार तीन सय नब्बे पैसा चौरासी मात्र) नगद लाभांश पारित गर्ने ।

(५) सर्वसाधारण शेयरधनीको तर्फबाट २ जना संचालकको निर्वाचन गर्ने ।

विशेष प्रस्तावहरु :

(१) वित्तीय संस्थाको अधिकृत पुँजी बृद्धि गर्ने ।

(२) प्रबन्धपत्र र नियमावलीमा संशोधन गर्ने सम्बन्धमा ।

(३) संचालक समितिबाट सिफारिस भए बमोजिम वित्तीय संस्थाको २०७८ आषाढ मसान्तमा कायम चुक्ता पूँजी रु.४९,३८,७७,५७४। (उनान्चास करोड अड्तिस लाख सतहत्तर हजार पाँच सय चौहत्तर मात्र) को २१.४८७५९७६५३१ प्रतिशतले हुने रकम रु. १०,६१,२२,४२६। (दश करोड एकसठी लाख बाइस हजार चार सय छब्बिस मात्र) बराबरको बोनस शेयर वितरण गर्ने ।

(४) यस वित्तीय संस्थाले अन्य इजाजतपत्र प्राप्त कुनै एक वा एक भन्दा बढी उपयुक्त वित्तीय संस्थाहरु एक आपसमा गाभ्ने गाभिने (Merger) वा प्राप्ती (Acquisition) गर्ने सम्बन्धमा संचालक समितिलाई अख्तियारी प्रत्यायोजन गर्ने ।

(५) यस वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने प्रस्तावित संशोधनमा नियमनकारी निकायबाट कुनै फेरबदल गर्न निर्देशन भएमा सोही बमोजिम थपघट, परिमार्जन, संशोधन तथा सच्याउनको लागी संचालक समितिलाई अख्तियारी दिने सम्बन्धमा ।

३. गणपूरक संख्याको घोषणा :

औपचारिक रुपमा साधारण सभा संचालनहुनु अगाडि साधारण सभाको वैधानिकता माथि मूल्यांकन गरी कम्पनी सचिवले अध्यक्षको अनुमतिमा निम्न राय पेश गर्नु भई उपस्थित शेयरधनीहरुले यो साधारण सभा संचालन गर्ने निर्णयमा पुगेपछि सभा संचालन भएको थियो ।

अध्यक्ष महोदय तथा उपस्थित सम्पूर्ण महानुभावहरु,

गणपूरक संख्याको सम्बन्धमा -

१. साधारण सभा गर्न तोकिएको मिति २०७८ साल पौष १० गते भन्दा कमसेकम २१ दिन अगाडि शेयरधनीहरुलाई सूचना हुनुपर्नेमा सो देहाय बमोजिम भएको,

२. १५ औं बार्षिक साधारण सभा हुने सम्बन्धमा शेयरधनी महानुभावहरुको जानकारीको लागि प्रथम पटक मिति २०७८ मंसिर ८ गते बुधबार (साधारण सभा हुने दिन भन्दा ३० दिन अगाडी) को कारोबार राष्ट्रिय दैनिक पत्रिकामा र दोश्रो पटक मिति २०७८ मंसिर २६ गते आइतबार (साधारण सभा हुने दिन भन्दा १३ दिन अगाडी) को अभियान राष्ट्रिय दैनिक पत्रिकामा गरि जम्मा दुई पटक सूचना प्रकाशित भएको,

३. सूचनाकासाथ प्रस्तावहरु लगायतका विवरणहरु उपलब्ध गराइएको,

४. साधारणसभाको लागी बांडफांड भएको कूल शेयर ४९ लाख ३८ हजार ७ सय ७५ दशमलब पात चार कित्ता मध्ये आफैं तथा प्रतिनिधि गरी ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुनु

पर्नेमा सो भन्दा बढी नै (५७.६८ प्रतिशत) शेयरधनीहरुको यस सभामा उपस्थिति भएको,

५. कम्तीमा उपस्थिति ३ जना शेयरधनी वा प्रतिनिधि हुनुपर्नेमा सो भन्दा बढी नै संख्या (८१ जना) को उपस्थिति भएको,

६. यो साधारण सभा बोलाउने तरीका नियमित भएको तथा आवश्यक गणपूरक संख्या पुगेको हुँदा यो सभाको संचालन गर्न कानून सम्मत बैधानिक अवस्था पुरा भएको आफ्नो राय पेश भएको र सभाले बैधानिक भएको भनि स्वीकृति दिएको ।

ऋषि प्रसाद न्यौपाने
कम्पनी सचिब

४. निर्णयहरु :-

साधारण प्रस्ताव नं. १ सम्बन्धी निर्णय

(१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्धारा प्रस्तुत यस वित्तीय संस्थाको आ.व. २०७७/७८ को वार्षिक प्रतिवेदन माथी छलफल गरि सर्वसम्मतिबाट पारीत गरियो । (अनुसूची - १)

साधारण प्रस्ताव नं. २ सम्बन्धी निर्णय

(२) यस वित्तीय संस्थाको आ.व.२०७७/७८ को लेखापरीक्षण प्रतिवेदन तथा आ.व.२०७७/७८ को नाफानोक्सान हिसाब, नगदप्रवाह विवरण एवम् २०७८ आषाढ मसान्तको वासलात समेतको वित्तीय विवरण (अनुसूचीहरु सहित) माथि छलफल गरि सर्वसम्मतिबाट पारीत गरियो । (अनुसूची - ३)

साधारण प्रस्ताव नं. ३ सम्बन्धी निर्णय

यस वित्तीय संस्थाको आ.ब. २०७८/०७९ को कारोबारको लेखापरिक्षण गर्न लेखापरिक्षक नियुक्ति गर्ने सम्बन्धमा लेखापरिक्षण समितिले सिफारिस गरे बमोजिम लेखापरीक्षक श्री मुरलीधर तिवारी (M Tiwari and Associates, Chartered Accountants) लाई नियुक्त गर्ने र सो आर्थिक बर्षको बैधानिक लेखापरीक्षण (स्ट्याच्युटरी अडिट), लंगफर्म र कर परीक्षण (ट्याक्स अडिट) लगायत सबै किसिमको लेखापरिक्षण वापत सम्पूर्ण खर्च (लेखापरिक्षण शुल्क, यातायात, खाना र आवास खर्च) गरि कर बाहेक एकमुष्ट रु.४,९५,०००। (अक्षरेपी चार लाख पन्चानब्बे हजार मात्र) पारिश्रमिक तोक्ने प्रस्ताव सर्वसम्मतिबाट पारीत गरियो ।

साधारण प्रस्ताव नं. ४ सम्बन्धी निर्णय

संचालक समितिबाट सिफारिस भए बमोजिम चुक्ता पुँजीको १.१३०९२६१९२३ प्रतिशतले हुने (वोनश शेयरको कर प्रयोजनको लागि मात्र) रु. ५५,८५,३९०।८४ (पचपन्न लाख पचासी हजार तीन सय नब्बे पैसा चौरासी मात्र) नगद लाभांश वितरण गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित गरियो ।

कम्पनी सचिब

साधारण प्रस्ताव नं. ५ सम्बन्धी निर्णय

सर्वसाधारण समुहका शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने दुई जना संचालकमा निर्वाचन समितिले तोकिएको प्रकृया पुरा गरी निर्वाचित भएको सिफारिस गरे बमोजिम निम्न शेयरधनीलाई चार बर्षका लागी सर्वसाधारण समुहबाट यस वित्तीय संस्थाको संचालकमा नियुक्त गर्ने सर्वसम्मतिबाट निर्णय गरियो ।

तपशिल :

१. विराटनगर महानगरपालीका वडा नं. १० बस्ने सर्वसाधारण शेयरधनी श्री सुधिर कुमार श्रेष्ठ ।

२. विराटनगर महानगरपालीका वडा नं. १० बस्ने सर्वसाधारण शेयरधनी श्री बलराम बराल ।

विशेष प्रस्ताव नं. १ सम्बन्धी निर्णय

वित्तीय संस्थाको अधिकृत पुँजी रु. ६०,००,००,०००। (अक्षरेपी साठी करोड मात्र) लाई बृद्धि गरि रु. १,००,००,००,०००। (अक्षरेपी एक अर्ब मात्र) बनाउने प्रस्ताव सर्वसम्मतिबाट पारीत गरियो ।

विशेष प्रस्ताव नं. २ सम्बन्धी निर्णय

प्रबन्ध पत्र तथा नियमावलीमा देहाय बमोजिम संशोधन गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारीत गरियो ।

(क) प्रबन्ध पत्रमा संशोधन

दफा ५(क) मा संशोधन गरि निम्न दफा ५(क) राख्ने ।

अधिकृत पूँजी : लघुवित्त वित्तीय संस्थाको अधिकृत पूँजी रु.१,०००,०००,०००।- (रु. एक अर्ब मात्र) हुनेछ । सो पूँजीलाई रु.१०० दरका १,००,००,०००। (एक करोड मात्र) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।

दफा ५(ख) मा संशोधन गरि निम्न दफा ५(ख) राख्ने ।

जारी पूँजी : वित्तीय संस्थाको जारी पूँजी रु.६०,००,००,०००।- (अक्षरेपी साठी करोड मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु.१००/- दरका ६०,००,०००। (साठी लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

दफा ५(ग) मा संशोधन गरि निम्न दफा ५(ग) राख्ने ।

चुक्ता पूँजी : वित्तीय संस्थाको चुक्ता पूँजी रु.६०,००,००,०००।- (अक्षरेपी साठी करोड मात्र) हुनेछ ।

कम्पनी सचिव

(ख) नियमावलीमा संशोधन

संञ्चालकले पाउने मासिक पारिश्रमिक, बैठक भत्ता, दैनिक तथा भ्रमण भत्ता र अन्य सुविधा सम्बन्धमा ।

नियम ३१ (१) (क) मा संशोधन गरि निम्न नियम ३१ (१) (क) राख्ने ।

नियम ३१ (१) (क) हटाइएको ।

नियम ३१ (१) (ख) मा संशोधन गरि निम्न नियम ३१ (१) (ख) राख्ने ।

संचालक समितिको बैठकमा उपस्थित भए वापत अध्यक्ष र अन्य संचालकले पाउने बैठक भत्ता प्रति बैठक क्रमशः रु.७,०००। र ६,०००। हुनेछ ।

विशेष प्रस्ताव नं. ३ सम्बन्धी निर्णय

संचालक समितिबाट सिफारिस भए बमोजिम वित्तीय संस्थाको २०७८ आषाढ मसान्तमा कायम चुक्ता पूँजी रु.४९,३८,७७,५७४। (उनान्चास करोड अड्तिस लाख सतहत्तर हजार पाँच सय चौहत्तर मात्र) को २१.४८७५९७६५३१ प्रतिशतले हुने रकम रु. १०,६१,२२,४२६। (दश करोड एकसठी लाख बाइस हजार चार सय छब्बिस मात्र) बराबरको बोनस शेयर वितरण गर्ने प्रस्ताव सर्वसम्मतिले पारीत गरियो ।

विशेष प्रस्ताव नं. ४ सम्बन्धी निर्णय

यस वित्तीय संस्थाले अन्य इजाजतपत्र प्राप्त कुनै एक वा एक भन्दा बढी उपयुक्त वित्तीय संस्थाहरु एक आपसमा गाभ्ने गाभिने (Merger) वा प्राप्ती (Acquisition) गर्ने सम्बन्धमा संचालक समितिलाई अख्तियारी प्रत्यायोजन गर्ने सर्वसम्मतिबाट निर्णय गरियो ।

विशेष प्रस्ताव नं. ५ सम्बन्धी निर्णय

यस वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने प्रस्तावित संशोधनमा नियमनकारी निकायबाट कुनै फेरबदल गर्न निर्देशन भएमा सोही बमोजिम थपघट, परिमार्जन, संशोधन तथा सच्याउनको लागी संचालक समितिलाई अख्तियारी दिने सर्वसम्मतिबाट निर्ण गरियो ।

कम्पनी सचिव